नेपाल सरकार
भूमी सम्बन्धी समस्या समाधान आयोग

# भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन व्यवस्थापन इकाई

लालबन्दी नगरपालिका, सर्लाही
२०७७

मिति : २०७७/१०/१८

## भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवास भएकाहरूले घरदैलोमा आउने संकलकहरूलाई सहि सूचना दिई फारम भर्ने सम्बन्धी सूचना ॥

यस नगरपालीका र भूमि सम्बन्धी समस्या समाधान आयोग बीच भएको सम्झौता अनुसार यस नगरपालिका क्षेत्रका भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि सम्बन्धी समस्या समाधान आयोगले मिति २०७७।१०।१५ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरेको ३५ दिने सूचना अनुसार निर्धारित समयमै लगत संकलन कार्य सम्पन्न गर्नको लागि यस नगरपालिकाको सम्पूर्ण वडाहरूमा लगत संकलन कार्यको लागि वडाबाट घरदैलोमै खटिई आउने लगत संकलकहरूलाई लगत संकलन फारममा उल्लेखित विवरणलाई पुष्ट्याइं गर्ने तपसिल अनुसारका प्रमाण तथा आवश्यक कागजातहरू उपलब्ध गराई सहि सूचना दिई निर्धारित समय भित्रै फारम भर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासन गरिएको छ ।

तपसिल :

१. परिवारमुली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यहरूको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
२. परिवारमुली र परिवारमुलीको पति/पत्निको हालसालै खिचिएको पासपोर्ट साईजको फोटो १/१ प्रति ।
३. परिवारमुलीको मतदाता परिचयपत्रको प्रतिलिपी ।
४. अव्यवस्थित बसोबासीको हकमा आफु र परिवारका अन्य सदस्यको नाममा जुनसुकै स्थानमा रहेको सबै जग्गाको पुर्जाको प्रतिलिपी ।
५. जग्गा आवाद, भोगचलन तथा उपभोग सम्बन्धी प्रमाणहरू । जस्तै,
   (क) विद्युत महशुल, पानीको महशुल तिरेको रसिद,
   (ख) घरसारको कागज,
   (ग) भोगचलन गर्न दिएको प्रमाण,
   (घ) घरनक्सापास प्रमाणपत्रको प्रतिलिपी लगायत अन्य प्रमाणहरू ।

(यस सम्बन्धी थप जानकारीको लागि आ–आफ्नो वडाका वडाध्यक्ष, वडा सचिव र वडामा लगत संकलन गर्न खटिएका संकलकहरूसँग सम्पर्क गरी बुझ्न सकिनेछ ।)

इकाई प्रमुख
लालबन्दी नगरपालिका